IHRICON

महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : ४ महिना : साउन, २०७३

## हिंसामा महिला र बालबालिका

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७३ को साउन महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका १६ वटा घटना भएको पाइएको छ । त्यस बाहेक इराक, कुवेत, ओमन लगायतका मुलुकमा धेरै आम्दानी हुने काम लगाई दिन्छु भन्दै श्रीलंका पुऱ्याएका ९० भन्दा बढी नेपाली महिलाहरु एउटा घरमा थुनेर राखिएको समाचार साउन १९ गतेको अन्नपूर्ण पेष्ट दैनिकमा प्रकाशित भएको छ । त्यस बाहेक महिला हिंसासँग सम्बन्धित विभिन्न किसिमका ८ वटा समाचार रहेका छन् भने त्यसैगरी बालबालिकासँग सम्बन्धित पनि ८ वटा घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा बन्धक, हत्या, बलात्कार सामूहिक बलात्कार, कुटपिट, बोक्सी आरोप, दाइजो अलपत्र लगायतका घटनाहरु महिला र बालबालिका सँग सम्बन्धित रहेका छन् ।

देशका अधिकांश जिल्लामा महिला तथा बालबालिकामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार, दाइजो तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला र बालबालिकामाथि हुने हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिला बालबालिकाको संरक्षण र सम्ब्रर्द्धनका लागि भनेर सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत ठूलो लगानी भईरहेको छ । दैनिक रुपमा विविध कार्यक्रमहरु सञ्चालन भइरहे पनि महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनिकरण हुनुको सट्टा पुनारावृति भइरहेको देखिन्छ । महिला तथा बालबालिका सम्बन्धी हिंसा न्यूनीकरणका लागि सञ्चार माध्यममा बज्जे सन्देश र सडक नाटक, सडक छेउ वा मानिसको चहलपहल बढी हुने ठाउँमा राखिएका ठूलाठूला होर्डिङ बोर्डले पनि समाजमा सकारात्मक प्रभाव पार्न सकेको छैन ।

**<u>हिंसामा महिला :</u>**

राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ८ वटा महिला हिंसा संग सम्बन्धीत समाचार प्रकाशित भएको पाइएको छ । त्यसमध्ये २

महिलाको हत्या भएको छ, भने १ महिलालले आत्महत्या गरेका छन् । त्यसैगरी १ महिलाले आत्महत्याको प्रयास गरेकी छिन् । बोक्सीको आरोप र दाइजोका नाममा २-२ जना महिला पीडित भएका छन् । बलात्कार र कुटपिटबाट १-१ महिला पीडित भएको समाचार प्रकाशित भएको छ ।




**हिंसामा बालबालिका :**




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना ८ वटा पहिचान गरेका छन् । त्यसमध्ये १ बालिकाले आत्महत्या गरेको समाचार प्रकाशित भएको छ, भने ३ बालिका बलात्कृत भएकी छिन् । त्यसैगरी घरायसी विवादमा बाबुले आमाको हत्या गरी आफूले पनि आत्महत्या गर्दा ३ बालबालिका बिचल्लीमा परेको समाचार प्रकाशित भएको छ । त्यसैगरी १ बालिका यौन दूर्व्यवहारमा परेको समाचार प्रकाशनमा आएको छ ।

**क्षेत्रगत आधारमा :**

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल १, मध्यमाञ्चल ७ पश्चिामाञ्चल ३, मध्यपश्चिमाञ्चल ३ र सुदुर-पश्चिमाञ्चल १ रहेको देखिन्छ ।




## सूचनाको हकलाई व्यापक प्रयोग गर्न आग्रह




काठमाडौं, साउन १८ गते । आज आयोजित "सूचनाको हकको कार्यान्वयनमा मिडियाको भुमिका" विषयक अन्तरक्रियाका बक्ताहरुले संविधान प्रदत्त सुचनाको हकको प्रयोगमा जोड दिनुपर्ने धारणा राखेकाछन् ।

राष्ट्रिय सूचना आयोग, प्रेस काउन्सिल नेपालको आयोजना र मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इहृिकन) को संयोजनमा आयोजित कार्यक्रममा बोल्दै राष्ट्रिय सूचना आयोगका अध्यक्ष कृष्णहरि बास्कोटाले कक्षा ९ को पाठ्यक्रममा सूचनाको हक समावेश गरिएको, ३१ वटा मन्त्रालयमा सूचनाको

हकको अवस्थाको सर्भे गरिएको बताउनु भएको छ । सूचनाको वर्गीकरण हुन नसक्दा सूचनाको हकको उपभोगमा कमी आएको उहाँको धारणा थियो ।

प्रेश काउन्सिल नेपालका अध्यक्ष बोर्णवहादुर कार्कीले सामयिक, महत्वको दृष्टिले यस विषयको कार्यक्रमलाई निरन्तरता दिईएको बताउनुहुँदै हरेक नागरिकलाई सार्वजनिक सरोकारको विषयमा सूचना प्राप्त गर्ने संवैधानिक प्रदत्त अधिकारको प्रयोग गर्न आग्रह गर्नुभयो । कार्यक्रममा राष्ट्रिय सूचना आयोगका आयुक्तद्वय किरण पोखरेल र यशोदा तिम्सिनाले सूचनाको हकको प्रयोगवाट न्याय, खवरदारी, निगरानी तथा भ्रष्टाचार न्यूनिकरणमा जोड पुग्ने हुँदा सूचनाको हकको व्यापक प्रयोग गर्न आग्रह गर्नुभयो ।



कार्यक्रममा आमसञ्चार केन्द्रीय विभागका प्रमुख डा.कुन्दन अर्यालले सूचनाको हक प्रयोग गर्ने विधि प्रक्रियालाई सरलीकरण गर्दै लैजानुपर्ने धारणा राख्नुभयो । त्यस्तै आरआर क्याम्पसका उप-प्राध्यापक लक्ष्मीधर गुरागाईले हरेक कार्यालयका सूचना अधिकारीसम्म पत्रकारको पहुँच पुग्न नसकेको बताउनुभयो ।

मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को संयोजनमा आयोजित कार्यक्रममा इह्रिकनका अध्यक्ष अमृता लम्साल र कार्यकारी निर्देशक कपिल काफ्लेले सूचनाको हकसम्वन्धि कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमाथि छलफल गर्ने क्रममा मधेश मिडिया हाउसका अध्यक्ष डा.राजेश अहिराज, मिडिया एक्सन नेपालका अध्यक्ष लक्ष्मणदत्त पन्त, तरुण साप्ताहिकका सम्पादक परसु घिमिरे, छापामाध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष देवप्रकाश त्रिपाठी, करेन्ट साप्ताहिकका सम्पादक देवेन्द्र गौत्तम र दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठ लगायतले धारणा राख्नुभएको थियो । ५२ जनाको सहभागिता रहेको कार्यक्रम काउन्सिलका सह-प्रशासकीय अधिकृत दीपक खनालले सञ्चालन गर्नुभएको थियो ।



# सूचनाको हक कार्यान्वयनमा मिडियाको भूमिका










थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१- ५५४४२०५,५२६१९०४ मा सम्पर्क गर्न अनुरोध छ ।